# नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको मिति २०७८ पौष २२ गते बिहीवारका दिन सम्पन्न भएको छैटौं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरूको अभिलेख (माइन्यूट)

**१. वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम कैम्पनीको छैटौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष डा. रविन्द्र घिमिरेको अध्यक्षतामा तल उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय**

मिति : २०७८/०९/२२ गते बिहीवार
स्थान : कार्की व्याङ्केट, बबरमहल, काठमाडौं
समय : बिहान ११:०० बजे

**३. सभाको सूचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ (१) (क) र यस कम्पनीको नियमावली २०७१ को नियम १८ (१) (क) बमोजिम कम्पनीको छैटौं वार्षिक साधारण सभाको मिति, समय, स्थान सहित प्रस्तावहरूको सूचना र दफा ८४ (४) अनुसार कम्पनीको आ.व. २०७६/७७ को संक्षिप्त आर्थिक विवरणको सूचना मिति २०७७/०८/२८ र मिति २०७७८/०९/०२ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो र आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू शेयरधनीहरूको व्यक्तिगत ठेगानामा समेत पठाइएको थियो ।

**४. छलफलको विषय**

**क. सामान्य प्रस्तावहरू :**

१. आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिवाट प्रस्तावित हालको चुक्ता पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब) को २.५० (दुई दशमलव पाँच शून्य) प्रतिशतको दरले रु. २५,००,००,०००/- (अक्षरेपी पच्चिस करोड) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्याम कार्की एण्ड कं.चार्टर्ड एकाउन्टेन्टस् पुनः नियुक्तिको लागि योग्य रहेको ।)

५. नियमावलीको नियम २७ को उपनियम (२) (ख) नेपाल सरकार बाहेकका संस्थागत लगानीकर्ताबाट २ जना कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूको निर्वाचन गर्ने ।

६. नियमावलीको नियम २७ को उपनियम (२) (ख) नेपाल सरकार बाहेकका संस्थागत लगानीकर्तावाट कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरू श्री दिप प्रकाश पाण्डे र श्री डिल्लीराज अर्यालको कार्यकाल मिति २०७८/०१/२० सम्म रहेकोमा सञ्चालक समितिबाट आगामी साधारण सभा सम्मको लागि निजहरूको कार्यकाल थप गरिएको निर्णय अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्तावहरू :**

१. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु. १०,००,००,००,०००/- (दश अर्ब) को १६.५० (सोह्र दशमलव पाँच शून्य) प्रतिशतका दरले हुन आउने रु.१,६५,००,००,०००/-(एक अर्ब पैंसठी करोड) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र बोनस शेयर वितरण पश्चात कम्पनीको साविक जारी तथा चुक्ता पूँजीमा बृद्धि भई रु.११,६५,००,००,०००/- (एघार अर्ब पैंसठी करोड) कायम हुने र सोही बमोजिम प्रबन्धपत्रको दफा ६(२) र ६(३) मा छलफल गरी देहाय बमोजिम संशोधन गर्ने ।

**दफा ६(२) :** कम्पनीले तल्काल जारी गर्ने शेयर पूँजी रकम रु. ११,६५,००,००,०००/- (एघार अर्ब पैंसठी करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० /- का दरले ११,६५,००,०००/- (एघार करोड पैसठ्ठी लाख) कित्ता शेयरमा विभाजित गरिनेछ ।

**दफा ६(३) :** कम्पनीको चुक्ता पूँजी रु. ११,६५,००,००,०००/- (एघार अर्व पैसठ्ठी करोड) हुनेछ ।

२. सञ्चालक समितिको बैठक भत्ता लगायतका सुविधामा वृद्धि गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा (१)(ग) अनुसार सञ्चालक समितिको निर्णय बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च गरिएको रकमलाई अनुमोदन गर्ने ।

४. कम्पनीको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नेपाल सरकार वा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो वमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध :**

५. उपस्थिति

५.१ संचालकहरू

| | |
|---|---|
| १. डा. रविन्द्र घिमिरे | अध्यक्ष |
| २. श्री दिप प्रकाश पाण्डे | संचालक |

३. श्री नवराज मुडभरी | संचालक
४. श्री रितेश कुमार शाक्य | संचालक
५. श्री मदन पोखरेल | संचालक

५.२ अन्य पदाधिकारीहरू

१. श्री शंकरकुमार रायमाझी | प्रमुख कार्यकारी अधिकृत
२. श्री दामोदर भण्डारी | सहायक प्रमुख कार्यकारी अधिकृत
३. श्री बिष्णु प्रसाद उपाध्याय | पुनर्बीमा विज्ञ / कम्पनी सचिव

५.३ शेयरधनीहरूको संख्या

जम्मा उपस्थित संख्या | ५०९ (स्वयं तथा प्रतिनिधि मार्फत)
५ (भर्चुअल Zoom मार्फत)

**६. गणपुरक संख्या**

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या (संस्थापक तथा सर्वसाधारण समूह) | १,९८,४८५ | ५०९<br>५ (Zoom मार्फत) | |
| शेयरधनीहरूले ग्रहण गरेको शेयर कित्ता | १०,००,००,००० | ६,६२,२८,२४१ | ६६.२३ प्रतिशत |

**७. सभाको वैधानिकता र सभाको अध्यक्षता**

७.१ कम्पनी सचिवले छैटौं वार्षिक साधारण सभामा उपस्थित तथा भर्चुअल माध्यम (Zoom) वाट उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, प्रतिनिधिज्यूहरू, पत्रकार, पर्यवेक्षक लगायत सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्नु भयो ।

७.२ कम्पनी ऐन, २०६३ को दफा ६७ (१) (क) र यस कम्पनीको नियमावली २०७१ को नियम १८ (१) (क) बमोजिम कम्पनीको छैटौं वार्षिक साधारण सभाको मिति, समय, स्थान सहित प्रस्तावहरूको सूचना र दफा ८४ (४) अनुसार कम्पनीको आ.व. २०७६/७७ को संक्षिप्त आर्थिक विवरणको सूचना मिति २०७८/०८/२८ र मिति २०७८/०९/०२ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको जानकारी कम्पनी सचिवले गराउनु भयो ।

७.३ कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावली अनुसार बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपुरक संख्या पुगेको मानिने प्रावधान अनुरूप यस छैटौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरूको संख्या ५१४ भएको र कुल शेयर १० करोड कित्ता मध्ये ६,६२,२८,२४१ शेयर कित्ताले

हुने ६६.२३ प्रतिशत शेयर कित्ताको शेयरधनीहरू स्वयम् तथा प्रतिनिधि मार्फत उपस्थित हुनु भएको हुँदा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सभाको गणपुरक संख्या पुगेकोले यस सभाको वैधानिकता पुगेको जानकारी कम्पनी सचिवले गराउनु भयो ।

७.४ कम्पनी सचिवले सभाको अध्यक्षता गरिदिनु हुन कम्पनीको संचालक समितिका अध्यक्ष डा. रविन्द्र घिमिरेलाई अनुरोध गर्नुभयो । तत्पश्चात संचालकहरू श्री दिप प्रकाश पाण्डे, श्री नवराज मुडभरी, श्री रितेश कुमार शाक्य तथा व्यवस्थापनमा रहनु भएका प्रमुख कार्यकारी अधिकृत श्री शंकरकुमार रायमाझी, सहायक प्रमुख कार्यकारी अधिकृत श्री दामोदर भण्डारीलाई आसन ग्रहण गराउनु भयो । नेपाल सरकार अर्थ मन्त्रालयका प्रतिनिधि श्री श्याम प्रसाद आचार्य, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि सहायक रजिष्टार श्री कल्पना कुमारी बर्तौला नियामक निकायका प्रतिनिधि, लेखापरीक्षक, निर्वाचन अधिकृत, शेयर रजिष्ट्रारका प्रतिनिधि तथा शेयरधनी महानुभावहरू, प्रतिनिधिज्यूहरू लगायत पत्रकार, पर्यवेक्षक सम्पूर्ण महानुभावहरूलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गराउनु भयो ।

७.५ राष्ट्रिय गानको कार्यक्रममा सम्पूर्ण महानुभावहरू सहभागी हुनु भयो ।

७.६ कम्पनीको छैटौं बार्षिक साधारण सभामा आफनो मन्तव्य सहित आर्थिक वर्ष २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन तथा साधारण सभामा पेश हुने प्रस्तावहरू सभा समक्ष राखि दिनु हुन साथै कम्पनीले हाल सम्म गरेको प्रगतिको संक्षिप्त विवरण प्रस्तुत गर्दै सभाको शुरुवात गर्न सभाका अध्यक्षज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

## ८. छैटौं वार्षिक प्रतिवेदनको प्रस्तुति

८.१ सभाका अध्यक्ष डा. रविन्द्र घिमिरेले नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको छैठौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी तथा आमन्त्रित महानुभावहरूमा संचालक समितिको तर्फवाट हार्दिक स्वागत गर्नुभयो ।

८.२ आर्थिक बर्ष २०७४/७५ बाट नेपाल वित्तीय प्रतिवेदनमानले निर्देश गरे बमोजिम तथा कम्पनी ऐनको दफा १०८ बमोजिम वित्तीय प्रतिवेदन तयार गरी यस गरिमामय साधारण सभामा प्रस्तुत गरिएको र बीमा उद्योगको नियमनकारी निकाय बीमा समितिले व्यवस्था गरे बमोजिमको वित्तीय विवरण समेत वार्षिक वित्तीय प्रतिवेदनमा संलग्न गरिएको जानकारी अध्यक्षले गराउनुभयो ।

८.३ कम्पनीका शेयरधनीलाई आ.व. २०७६/७७ को वित्तीय विवरण अनुसार कम्पनीमा रहेको शेयर प्रिमियम बाहेकको वितरण योग्य मुनाफावाट चुक्ता पूँजी रु. १०,००,००,००,०००/- (दश अर्व) को १६.५०% (सोह्र दशमलव पाँच शून्य) बोनश शेयर र २.५०% (दुई दशमलव पाँच शून्य) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ समेत) वितरणको व्यवस्था गरिएको जानकारी अध्यक्षले सहर्ष गराउनुभयो ।

८.४ यो कम्पनी, नेपाल सरकारको ४४.०३९%, निजी क्षेत्रको ३९.९६१% तथा सर्वसाधारणको १६% स्वमित्वमा सरकारी निजी साझेदारी अवधारणामा स्थापित नेपालको पहिलो पुनर्बीमक हो । यस कम्पनीको प्रमुख उद्देश्य प्रभावकारी जोखिम व्यवस्थापन र जोखिम हस्तान्तरणका उपायहरू अवलम्बन गर्दै स्वदेशी तथा विदेशी बीमा

कम्पनीलाई विश्वस्तरीय पुनर्बीमा सेवा पस्कनु, देशबाट विदेशिँदै गएको पुनर्बीमाशुल्क रकमलाई उल्लेखनीय परिमाणमा घटाउँदै लैजानु, विभिन्न मुलुकमा पुनर्बीमा ब्यवसाय गरी विदेशी मुद्रा आर्जन गर्नु, पुनर्बीमा व्यवसाय संचालन मार्फत श्रोत र साधनको संकलन गर्नु र उक्त श्रोतलाई राष्ट्र निर्माणमा परिचालन गर्नु, रोजगारीको अवसर सृजना गर्नु, बीमा उद्योगमा आवश्यक दक्ष जनशक्तिको विकास गर्नु रहेको छ । यी उद्देश्यको अतिरिक्त यस कम्पनीको उद्देश्य नेपालको बीमा व्यवसायको विकास, प्रबर्द्धन र सुदृढिकरण गर्नु पनि रहेको जानकारी अध्यक्षले गराउनुभयो ।

८.५ नेपाल सरकारले आ.व. २०७५/७६ मा गरेको व्यवस्थानुसार नेपाल भित्र रहेका बीमकले जारी गरेका बीमालेखको २० प्रतिशत प्रत्यक्ष हिस्सा (20% Direct Cession) यस कम्पनीमा अनिवार्य पुनर्बीमा गराउनु पर्ने प्रावधानको निरन्तरताले यस कम्पनीको व्यवसायको सुनिश्चितता गर्दै पुनर्बीमा व्यवसायको आकारमा बृद्धि हुनुको साथै कम्पनीलाई थप जिम्मेवार बनाएको छ । बीमा समितिले हालै जारी गरेको पुनर्बीमा सम्वन्धी व्यवस्थाले नेपालका पुनर्बीमकलाई अवसर मात्र दिएको छैन व्यवसायिक रूपमा अझ बढी जिम्मेवार र परिपक्व बन्नु पर्ने अवस्था सृजना गरेको छ। नेपाल रि उक्त अभिभारा स्वीकार गर्न तयार भएको ब्यहोरा सम्पूर्ण शेयरधनी महानुभाव तथा सरोकारवाला सबैमा अध्यक्षले अनुरोध गर्नुभयो ।

८.६ प्रत्येक वर्ष स्वदेशमा उल्लेख्य मोत्रामा जीवन तथा निर्जीवन बीमाको पुनर्बीमा व्यवसाय बृद्धि गर्न र विभिन्न मुलुकहरूमा व्यवसायिक सम्वन्ध विस्तार गर्दै पर्याप्त मात्रामा व्यवसाय पाउन सफल भइरहेको व्यहोरा समेत गरिमामय सभालाई जानकारी अध्यक्षले गराउनुभयो ।

८.७ कम्पनीको व्यवसायिक सफलता हाँसिल गर्न नेपाल सरकार, अर्थ मन्त्रालय, बीमा समिति लगायत सम्वन्धित नियमनकारी निकाय, बीमक, बीमा सर्भेयर तथा अन्तर्राष्ट्रिय बीमा तथा पुनर्बीमा कम्पनी, पुनर्बीमा दलाल, सम्बन्धित देशका नियमनकारी निकायहरूबाट प्राप्त सहयोग प्रति कम्पनीको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत यसै गरी सहयोग प्राप्त हुने अपेक्षा अध्यक्षले राख्नु भयो ।

८.८ यस कम्पनीले थप उन्नति र प्रगति गर्दै कम्पनीको लक्ष्य प्राप्त गर्ने र पुनर्बीमाका मूलभूत स्थापित सिद्धान्त, मान्यता र अभ्यासलाई आत्मसात गर्दै एशियाकै एक विश्वसनीय उत्कृष्ट संस्थाको रूपमा स्थापित गर्नका लागि आवश्यक प्रयास गरिने प्रतिबद्धता समेत अध्यक्षले व्यक्त गर्नुभयो ।

८.९ कम्पनीको हालको अवस्था र आगामी दिनमा अवलम्वन गर्ने रणनीति लगायत समग्र पक्षको बारेमा प्रकाश पारि दिनु हुन कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री शंकरकुमार रायमाझीलाई अध्यक्षद्वारा अनुरोध भए अनुसार प्रमुख कार्यकारी अधिकृतले कम्पनीको आर्थिक अवस्था र भावी रणनीतिको बारेमा प्रकाश पार्नु भयो ।

## ९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरू

९.१ शेयरधनी महानुभावहरूले प्राप्त गर्नु भएको वार्षिक प्रतिवेदनमा कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन र २०७७ आसार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू गरिमामय सभा समक्ष प्रस्तुत गरिएको जानकारी अध्यक्षले गराउनुभयो ।

यस सम्वन्धमा आफनो जिज्ञासा लगायत सुझाव सहित छोटो मन्तव्यका लागि शेयरधनी महानुभावहरूलाई आह्वान गर्दै आफनो नाम कम्पनी सचिवलाई टिपाउनु हुन अनुरोध गर्नुभयो ।

९.२ छलफलमा सहभागी हुने शेधरधनी महानुभावहरूको नाम

१. श्री गुणराज भट्ट
२. श्री अशोक उप्रेती
३. श्री अमृत नाथ रेग्मी (भर्चुअल जुम मार्फत)
४ श्री कृष्ण प्रसाद अधिकारी
५. श्री डमरु वल्लभ घिमिरे
६. श्री शिव प्रसाद पौडेल
७. श्री इन्द्र कृष्ण श्रेष्ठ
८. श्री अर्जुन कुमार ढुंगेल
९. श्री सुनिता भट्टराई
१०. श्री राम गोपाल महर्जन
११. श्री चन्द्र नारायण श्रेष्ठ
१२. श्री पदम प्रसाद काफ्ले
१३. श्री अमिर दास रन्जित
१४. श्री लवराज जोशी
१५. श्री शत्रुधन श्रेष्ठ
१६. श्री उत्सव श्रेष्ठ
१७. श्री नरसिंह लाल चखूँ (लिखित मन्तव्य बुझाउनु भएको)

**१०. छलफलमा सहभागी शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश**

शेयरधनी श्री गुणराज भट्टले आगामी साधारण सभा ६ महिनाभित्र गर्न, बीमकहरूलाई सवल बनाउन, पुनर्बीमा विशेषज्ञ तयार गर्न सुझाव दिनुभयो ।

शेयरधनी श्री अशोक उप्रेतीले कम्पनीमा सक्षम सञ्चालक श्री दिप प्रकाश पाण्डे हुनुले कम्पनीप्रति विश्वास बढाएको, अघिल्लो प्रमुख कार्यकारी अधिकृत चिरायु भण्डारीको ठूलो योगदान रहेको मन्तव्य राख्नु भयो ।

शेयरधनी श्री अमृत नाथ रेग्मीले दिर्घकालीन लगानीमा जोड दिन, कम्पनीको धारण रकम धेरै नराख्न, दाबी अनुपात धेरै भएकोले सुधार गर्न, विदेशी पुनर्बीमामा कर लगाउन नमिल्ने, पुनर्बीमा सम्वन्धि अर्धवार्षिक, वार्षिक प्रकाशन गर्ने व्यवस्था गर्न, उपत्यकाका राम्रा स्थानमा जग्गा लिई आवास बनाउन सुझाव दिनु भयो ।

शेयरधनी कृष्ण प्रसाद अधिकारीले लघु बीमालाई ग्राहयता दिनु पर्ने सुझाव राख्नु भयो ।

शेयरधनी श्री डमरु बल्लभ घिमिरेले लगानीकर्तालाई राम्रो प्रतिफल दिनु भएकोमा धन्यवाद दिंदै आगामी बर्ष समेत यसैगरि प्रतिफल दिन, श्री नवराज मुडभरी जस्तो विज्ञ सञ्चालक रहनु भएको, प्रमख कार्यकारी अधिकृत श्री शंकरकुमार रायमाझी अनुभवी व्यक्ति भएको जस्ता मन्तव्य तथा सुझाव राख्नु भयो ।

शेयरधनी श्री शिव प्रसाद पौडेलले लाभांशका लागि धन्यवाद दिनु हुँदै चाँडै उक्त लाभांश शेयरधनीलाई उपलब्ध गराउन अनुरोध गर्नु भयो । मुक्तिनाथ केवलकारमा लगानी गर्ने भन्ने समाचार आएको बारे के हो भन्ने जानकारी मांग गर्नु भयो ।

शेयरधनी श्री इन्द्र कृष्ण श्रेष्ठले कम्पनीलाई कसरी नाफामूलक बनाएर अगाडि बढाउन सकिन्छ, चाँडो साधारण सभा गर्न, पूर्व सञ्चालक श्री रमेश राना र श्री सुखचन्द्र झालाई के कारणले पदमुक्त गरेको जस्ता सुझाव तथा जिज्ञासा राख्नु भयो ।

शेयरधनी श्री अर्जुन कुमार ढुंगेलले सञ्चालकको मोवाइल सुविधा वारे प्रष्ट पार्न, संस्थागत सामाजिक उत्तरदायित्वमा भएको खर्चको औचित्यबारे जिज्ञासा राख्नु भयो ।

शेयरधनी श्री सुनिता भट्टराईले बार्षिक प्रतिवेदनको पछाडिको पानामा समेत नेपाल चिनाउने सामरिक महत्वको फोटो राखियोस्, संस्थागत सामाजिक उत्तरदायित्वमा सुत्केरीका लागि समेत समावेश गर्न सुझाव राख्नु भयो ।

शेयरधनी श्री राम गोपाल महर्जनले चाँडो साधारण सभा गर्न, संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च कम गर्न, कर्मचारी तालिममा बृद्धि गर्न, लघु बीमा बारेमा जानकारी होस् जस्ता सुझाव तथा जिज्ञासा राख्नु भयो ।

शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठले लाभांश १९ प्रतिशत दिन सकेकोमा धन्यवाद दिंदै चाँडो साधारण सभा होस् भन्ने सुझाव राख्नु भयो ।

शेयरधनी श्री पदम प्रसाद काफ्लेले कम्पनी कछुवाको चालमा अगाडि बढेको भन्दै विगतमा १७/१८ वटा देशवाट पुनर्बीमा व्यवसाय गरेकोमा सो कम भएकोले बृद्धि गर्न, चुक्ता पुँजी बृद्धि गर्न सुझाव तथा जिज्ञासा राख्नु भयो ।

शेयरधनी श्री अमिर दास रंजितले कम्पनीको उपस्थिति राम्रो रहेकोमा आभार व्यक्त गर्दै सञ्चालकलाई मोवाइल सुविधा सम्वन्धमा कति रकमको दिने प्रष्ट हुन, व्यवस्थापन खर्चमा भएको बृद्धिलाई कम तथा व्यवस्थित गर्न सुझाव दिनु भयो ।

शेयरधनी श्री लवराज जोशीले लाभांश १९ प्रतिशत दिन सकेकोमा धन्यवाद दिंदै चाँडो साधारण सभा गर्न, गोष्ठी सेमिनार गर्न, नीति निर्माण गर्न सुझाव दिनु भयो ।

शेयरधनी श्री शत्रुधन श्रेष्ठले कम्पनी ग्रामिणमुखी हुनु पर्ने सुझाव राख्नु भयो ।

शेयरधनी श्री उत्सव श्रेष्ठले शेयरधनीहरूलाई उपलब्ध गराईएको चिया तथा खाजा व्यवस्थित गर्न, बैठक भत्ता लगायत पदपूर्ति समितिको बैठक भत्ता सम्वन्धमा प्रष्ट पार्न सुझाव तथा जिज्ञासा राख्नु भयो ।

शेयरधनी नरसिंह लाल चखूँले लिखित मन्तव्य बुझाउनु भएकोमा कम्पनीको समग्र आर्थिक स्थिति राम्रो रहेको जनाउँदै भुक्तानी हुन बाँकी दाबी कम गर्न, व्यवसाय तथा लगानीको नयाँ क्षेत्र पहिचान गरि अगाडि बढ्न सुझाव दिनु भयो ।

**११. छलफलमा सहभागी शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएका सुझाव, मन्तव्य तथा जिज्ञासाको अध्यक्षले दिनु भएको जवाफ**

कम्पनीका अध्यक्षवाट शेयरधनी महानुभावहरूको सुझाव, मन्तव्य तथा जिज्ञासाको लागि धन्यवाद ज्ञापन गर्नु हुँदै प्रतिवेदनमा छुट भएका विषयहरू आगामी वर्षको प्रतिवेदनमा समावेश गर्ने जानकारी गराउनु भयो । सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरू कुन कुन संस्थावाट प्रतिनिधित्व गर्नु भएको भन्ने बारे सभालाई जानकारी गराउनु भयो । आगामी वर्षहरूमा अझ बढी प्रगति गर्ने प्रतिवद्धता व्यक्त गर्दै नेपाल सरकारबाट लाभांशको स्वीकृति ढिलो प्राप्त भएको कारण साधारण सभा गर्न ढिलो भएको जानकारी गराउनु भयो । आगामी साधारण सभा समयमा गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । संस्थागत सामाजिक उत्तरदायित्व

अन्तर्गत भएका खर्चहरू सञ्चालक समितिवाट स्वीकृत कार्यविधिबाट भएको र स्वास्थ्य, शिक्षा, गरिवी, रोजगारीको क्षेत्र भएको जानकारी दिंदै महिला हकहितको लागि समेत आगामी दिनमा खर्च गरिने जानकारी दिनु भयो । सञ्चालकको सेवा सुविधा, मोवाईल खर्च लगायत आवश्यक रहेको र अन्य कम्पनी सरह नै रहेको जानकारी गराउनु भयो । पूर्व सञ्चालक श्री सुखचन्द्र झा उमेरको कारण पदमुक्त हुनु भएको र श्री रमेश रानालाई नेपाल सरकारको निर्णयवाट पदमुक्त गरिएको सभालाई जानकारी गराउनु हुँदै अमूल्य सुझावहरूलाई आगामी दिनमा कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

सभामा उठेका अन्य विषयहरूको आवश्यक जवाफ प्रमुख कार्यकारी अधिकृतले दिनु भयो । कम्पनीको पदपुर्ति समिति अन्तर्गत लोक सेवा आयोग मार्फत नयाँ कर्मचारी भर्ना प्रकिया भइरहेकोले वैद्यानिक आवश्यकता अनुसार नै बैठक बसेको जानकारी सभालाई गराउनु भयो । साथै अन्य विषयहरूको समेत जवाफ प्रस्तुत गर्नु भई अमुल्य सुझावको लागि धन्यवाद ज्ञापन गर्नु भयो ।

**१२. सभाको निर्णय**

अध्यक्षवाट सभाद्वारा पारित गर्नका लागि प्रस्तुत गरिएका प्रस्तावहरु निर्णयार्थ प्रस्तुत गर्नु भएकोमा देहायबमोजिम सभावाट निर्णय भयो ।

**क. सामान्य प्रस्तावहरू :**

१. आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर सभाले सर्वसम्मतिवाट पारित गर्‍यो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आसार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू सभाले सर्वसम्मतिवाट पारित गर्‍यो ।

३. सञ्चालक समितिवाट प्रस्तावित हालको चुक्ता पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब) को २.५० (दुई दशमलव पाँच शून्य) प्रतिशतको दरले रु. २५,००,००,०००/- (अक्षरेपी पच्चिस करोड) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गर्‍यो ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सम्बन्धमा वर्तमान लेखापरीक्षक श्याम कार्की एण्ड कं. चार्टर्ड एकाउन्टेन्टस्को यो तेश्रो वर्ष भएकोले पुनः नियुक्ति हुन सक्ने र साविकको लेखापरिक्षण शुल्क, परिवहन तथा अन्य खर्च सहित मूल्य अभिबृद्धि कर बाहेक जम्मा रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख) पारिश्रमिक तोकी आ.ब. २०७७/७८ को लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गर्‍यो ।

५. नियमावलीको नियम २७ को उपनियम (२) (ख) नेपाल सरकार बाहेकका संस्थागत लगानीकर्ताबाट २ जना कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूको

निर्वाचन गर्ने प्रस्ताव सम्वन्धमा सञ्चालक समितिवाट नियुक्त निर्वाचन अधिकृत अधिवक्ता श्री सन्तोष कुमार भट्टराईलाई निर्वाचन सम्वन्धी काम कारवाही अगाडि बढाउन अध्यक्षले अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृतले निर्वाचन तालिका बमोजिमको विस्तृत जानकारी दिँदै नियमावलीको नियम २७ को उपनियम (२) (ख) नेपाल सरकार बाहेकका संस्थागत लगानीकर्ता सूर्या लाइफ इन्स्योरेन्स कम्पनीको तर्फवाट श्री हेमन्त नाहटा, एनएलजी इन्स्योरेन्स कम्पनी लि.को तर्फवाट श्री सुनिल बल्लभ पन्त, युनाइटेड इन्स्योरेन्स कम्पनी लि.को तर्फवाट श्री उपासना पौडेल, सिद्धार्थ इन्स्योरेन्स लि.को तर्फवाट बीरेन्द्र बैदवार क्षेत्री र शिखर इन्स्योरेन्स कम्पनी लि.को तर्फवाट श्री दिप प्रकाश पाण्डेको उम्मेदवारी परेकोमा मिति २०७८/०९/१९ मा युनाइटेड इन्स्योरेन्स कम्पनी लि.को तर्फवाट श्री उपासना पौडेलले उम्मेदवारी फिर्ता लिनु भएको जानकारी गराउदै निर्वाचन तालिकाको समय सिमा समाप्त भए पनि निर्वाचनमा जानु भन्दा निर्विरोध रूपमा चयन हुनु उपयुक्त हुने ठानी सूर्या लाइफ इन्स्योरेन्स कम्पनीको तर्फवाट श्री हेमन्त नाहटा र सिद्धार्थ इन्स्योरेन्स लि.को तर्फवाट बीरेन्द्र बैदवार क्षेत्रीले उम्मेदवारी फिर्ता लिए पश्चात देहाय बमोजिमका पदाधिकारीहरू सञ्चालकमा निर्वाचित हुनु भएको व्यहोरा सभालाई जानकारी गराउनुभयो ।

(क) एनएलजी इन्स्योरेन्स कम्पनी लि.को तर्फवाट श्री सुनिल बल्लभ पन्त
(ख) शिखर इन्स्योरेन्स कम्पनी लि.को तर्फवाट श्री दिप प्रकाश पाण्डे

सभाले श्री सुनिल बल्लभ पन्त र श्री दिप प्रकाश पाण्डेको नियुक्तिलाई स्वीकृत गऱ्यो ।

निर्वाचन अधिकृतले सञ्चालक पदमा निर्वाचित श्री सुनिल बल्लभ पन्त र श्री दिप प्रकाश पाण्डेलाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुभयो । नवनिर्वाचित सञ्चालकहरूलाई सभाका अध्यक्ष तथा सञ्चालकहरूले बधाई ज्ञापन एवं स्वागत गर्नुभयो ।

६. नियमावलीको नियम २७ को उपनियम (२) (ख) नेपाल सरकार बाहेकका संस्थागत लगानीकर्तावाट कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरू श्री दिप प्रकाश पाण्डे र श्री डिल्लीराज अर्यालको कार्यकाल मिति २०७८/०१/२० सम्म रहेकोमा सञ्चालक समितिबाट आगामी साधारण सभा सम्मको लागि निजहरूको कार्यकाल थप गरिएको निर्णय सभाले सर्वसम्मतिवाट अनुमोदन गऱ्यो ।

**ख. विशेष प्रस्तावहरू :**

१. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजी रु. १०,००,००,००,०००/- (दश अर्ब) को १६.५० (सोह्र दशमलव पाँच शून्य) प्रतिशतका दरले हुन आउने रु.१,६५,००,००,०००/-( एक अर्ब पैसठी करोड) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गऱ्यो र बोनस शेयर वितरण पश्चात कम्पनीको साविक जारी तथा चुक्ता पूँजीमा बृद्धि भई रु.११,६५,००,००,०००/- (एघार अर्ब पैंसट्ठी करोड) कायम हुने र सोही

बमोजिम प्रबन्धपत्रको दफा ६(२) र ६(३) मा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गर्‍यो ।

**दफा ६(२) :** कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रकम रु. ११,६५,००,००,०००/- (एघार अर्ब पैंसट्ठी करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० /- का दरले ११,६५,००,०००/- (एघार करोड पैंसट्ठी लाख) कित्ता शेयरमा विभाजित गरिनेछ ।

**दफा ६(३) :** कम्पनीको चुक्ता पूँजी रु. ११,६५,००,००,०००/- (एघार अर्व पैंसट्ठी करोड) हुनेछ ।

प्रबन्धपत्रको दफा ६ (२) र दफा ६ (३) संशोधन प्रयोजनार्थ तीनमहलेः

| सावीकको व्यवस्था | हालको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **प्रबन्धपत्रको दफा ६(२)**<br><br>कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रकम रु. १०,००,००,००,०००/- (दश अर्ब) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरले १०,००,००,००० /- ( दश करोड) थान शेयरमा विभाजित गरिनेछ । | **प्रबन्धपत्रको दफा ६(२)**<br><br>कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रकम रु. ११,६५,००,००,०००/- (एघार अर्व पैंसट्ठी करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० /- का दरले ११,६५,००,००० (एघार करोड पैंसट्ठी लाख) कित्ता शेयरमा विभाजित गरिनेछ । | कम्पनीको सञ्चालक समितिले हालको जारी तथा चुक्ता पुँजी रु. १०,००,००,००,०००/- (दश अर्व) को १६.५० (सोह्र दशमलव पाँच शून्य) प्रतिशतका दरले हुन आउने रु.१,६५,००,००,०००/-(एक अर्व पैंसट्ठी करोड) बोनस सेयर वितरण गर्न स्वीकृति प्रदान गरेको र बोनस सेयर वितरणबाट कम्पनीको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गर्ने भएकोले सो अनुसार जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएको । |
| **प्रबन्धपत्रको दफा ६(३)**<br><br>कम्पनीको चुक्ता पूँजी रु. १०,००,००,००,०००/- (दश अर्ब) हुनेछ । | **प्रबन्धपत्रको दफा ६(३)**<br><br>कम्पनीले चुक्ता पूँजी रु. ११,६५,००,००,०००/- (एघार अर्व. पैंसट्ठी करोड) हुनेछ । | कम्पनीको सञ्चालक समितिले हालको जारी तथा चुक्ता पुँजी रु. १०,००,००,००,०००/- (दश अर्व) को १६.५० (सोह्र दशमलव पाँच शून्य) प्रतिशतका दरले हुन आउने रु.१,६५,००,००,०००/-(एक अर्व पैंसट्ठी करोड) बोनस सेयर वितरण गर्न स्वीकृति प्रदान गरेको र बोनस सेयर वितरणबाट कम्पनीको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गर्ने भएकोले सो अनुसार जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएको । |

२. सञ्चालक समितिको बैठक भत्ता लगायतका सुविधा देहाय बमोजिम वृद्धि गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गर्‍यो ।

नियमावलीको नियम ३२ (१) प्रयोजनार्थ तीनमहलेः

| सावीकको व्यवस्था | | | | हालको व्यवस्था | | | | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | कैफियत | | विवरण | रकम | कैफियत | |
| १ | बैठक भत्ता | रु. ३००० (कर सहित) | नेपाल सरकार, अर्थ मन्त्रालयको पत्र बमोजिम | १ | बैठक भत्ता | रु. ५,००० (कर सहित) | | अन्य सार्वजनिक संस्थान सरह कायम हुन |
| २ | विदेश भ्रमण | | | | | | | |

संचालक समिति

| सावीकको व्यवस्था | | | | हालको व्यवस्था | | | | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | कैफियत | | विवरण | रकम | कैफियत | |
| क. | विदेश भत्ता (दैनिक) | अध्यक्ष-१७५/- अमेरिकी डलर<br>सदस्य-१५०/- अमेरिकी डलर<br>भारतको चेन्नई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकत्ता र बंगलादेशको ढाका र चटगाँउ बाहेक अन्त्रय रात विताउनु पर्दा माथि उल्लेखित दरको ५०% रकम । | | मिति २०७४/०४/२७ मा सम्पन्न दोश्रो साधारण सभावाट स्वीकृत भएको अनुसार नै हुने । | | | | |
| ख. | होटल आवास तथा खाना खर्च | वास्तविक बिल बमोजिम सोधभर्ना गर्ने ।<br>(मदिरा तथा सुर्तिजन्य पदार्थ बाहेक) | | | | | | |
| ग. | लुगा भत्ता | भारत-३२०० भा.रु., अन्य मुलुक-३०५ अमेरिकी डलर बराबरको रकम, | लुगा भत्ता पाएको २ वर्ष नभई पुनः लूगा भत्ता नपाइने | | | | | |
| घ. | भैपरी खर्च | अन्य मुलुक २५० अमेरिकी डलर<br>(जतिसुकै दिन) भारत बाहेक<br>भारत ७ दिनसम्म-११०० भा.रु.<br>भारत ७ भन्दा बढी-२१०० भा.रु | | | | | | |
| ङ | अन्य खर्च (मनोरञ्जन खर्च) | अन्य मुलुक -३०० अमेरिकी डलर<br>(जतिसुकै दिन) भारत बाहेक<br>भारत ७ दिनसम्म-११०० भा.रु.<br>भारत ७ भन्दा बढी-२१०० भा.रु. | | | | | | |
| ३. | अन्य खर्च | कार्यालय प्रयोजनको लागि भएको फोन तथा सवारी साधनको इन्धन खर्च | वास्तविक खर्च बमोजिम सोधभर्ना गर्ने । | ३. | अन्य खर्च | | | |
| | | | | क. | अन्य खर्च | सञ्चार सुविधा वापत मासिक रु.५,००० | | अन्य सार्वजनिक संस्थान सरह कायम हुन |
| | | | | ख. | अन्य खर्च | पत्रपत्रिका वापत मासिक रु.२,००० | | |

संचालक समिति

| साविकको व्यवस्था | | | | हालको व्यवस्था | | | | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | कैफियत | | विवरण | रकम | कैफियत | |
| | | | | ग. | अन्य खर्च | बैठकमा आतेजाते सवारी साधन र सवारी साधन प्रयोग नगरेमा मासिक २० लि.पेट्रोल | | |
| | | | | घ | अन्य खर्च | एक पटक एक थान मोवाइल सेट (फिर्ता गर्न नपर्ने) | | |
| | | | | ङ | अन्य खर्च | स्वास्थ्य तथा दुर्घटना बीमा (बार्षिक बजेटमा व्यवस्था भए अनुसार) | | |
| ४ | स्वदेश भ्रमण | | | २ | स्वदेश भ्रमण | | | |
| क. | स्वदेश भ्रमण भत्ता (दैनिक) | सञ्चालक समिति सदस्य ( क) दैनिक भ्रमण भत्ता रु. ३,००० (प्रति दिन) (ख) भैपरी खर्च रु. १,००० ( प्रति दिन) (ग) होटल, बास तथा यातायात खर्च - बील बमोजिम | सञ्चालक समितिको मिति २०७२/१२/१३ को बैठक नं.९३ बमोजिम | क. | स्वदेशी भत्ता (दैनिक) | सञ्चालक समिति सदस्य (क) दैनिक भ्रमण भत्ता बैठक भत्ता सरह (प्रति दिन) (ख) भैपरी खर्च रु. १,००० (प्रति दिन) (ग) होटल, बास तथा यातायात खर्च - बील बमोजिम (घ) उपत्यका वाहिर बसोवास गर्ने सञ्चालकको हकमा बैठक तथा कार्यालय प्रयोजनार्थ भ्रमण भएको मिति (बाटो म्याद समेत) को लागि होटल, बास तथा यातायात खर्च - बील बमोजिम वा व्यवस्थापनले गर्ने मितव्ययी व्यवस्थाको वास्तविक खर्च । | | सञ्चालकको भ्रमण भत्ता समय सापेक्ष बनाउन |

**३.** कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा (१)(ग) अनुसार सञ्चालक समितिको निर्णय बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च गरिएको रकम रु. १,१३,०२,५०४/- (अक्षरेपी एक करोड तेह्र लाख दुई हजार पाँच सय चार) लाई अनुमोदन गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गऱ्यो ।

आ.व. २०७६/७७ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरुको बिवरण :

| सि.नं. | मिति | बैठक नं. | बिवरण | रकम |
|---|---|---|---|---|
| १ | २०७६/०४/०६ | २५४ | राष्ट्रिय चलचित्र कन्फरेन्सको सहयोगको लागि मानवअधिकार चलचित्र केन्द्र, बुद्धनगर | १,००,०००/- |

नेपाल री
संचालक समिति

| | | | | |
|---|---|---|---|---|
| | | | काठमाण्डौंबाट प्रस्ताव आएको व्यहोरा व्यवस्थापनबाट जानकारी भयो । सो को सहयोगार्थ रु. १,००,०००।- (अक्षरेपी एक लाख मात्र) बराबर नबढ्ने गरी संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग प्रदान गर्न व्यवस्थापनलाई अख्तियारी सहित निर्देशन दिने । | |
| २ | २०७६/०४/२९ | २५७ | खेवाङ गोलकप २०७६ फुटवल प्रतियोगिता ताप्लेजुङ्गको सहयोगार्थ खेवाङ्ग स्पोर्टिङ्ग क्लब, सिरिजंघा-७ खेवाङ, ताप्लेजुङ्गवाट प्रस्ताव आएको व्यहोरा व्यवस्थापनबाट जानकारी भयो । सो को सहयोगार्थ रु. १,००,०००।- (अक्षरेपी एक लाख मात्र) मा नबढ्ने गरी संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग प्रदान गर्न व्यवस्थापनलाई अख्तियारी सहित निर्देशन दिने । | १,००,०००/- |
| ३ | २०७६/०५/३० | २६१ | नेवार सम्पर्क समाज अर्घाखाँची काठमाण्डौं को मिति २०७६/०५/२८ को पत्र वाट लोपोन्मुख एतिहासिक भैरव नाँचको संरक्षणको लागि सहयोग माग भई आएको व्यहोरा व्यवस्थापनबाट जानकारी भयो । यस सम्बन्धमा रु.१,००,०००।- (अक्षरेपी एक लाख) मा नवढ्ने गरी संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग प्रदान गर्न व्यवस्थापनलाई अख्तियारी सहित निर्देशन दिने । | १,००,०००/- |
| ४ | २०७६/०५/३१ | २६२ | गोपीकृष्ण मणिकर्णिकार सामुदायिक सेवा केन्द्र, ग्रामथान २ झोराहाट मोरङको मिति २०७६/०४/२८ को पत्र वाट सभाहलमा इको ध्योनी नियन्त्रण सामाग्री जडान गर्नको लागी सहयोग मांग भई आएको व्यहोरा व्यवस्थापनबाट जानकारी भयो । यस सम्बन्धमा रु.१,५०,०००।- (अक्षरेपी एक लाख पचास हजार) मा नवढ्ने गरी संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग प्रदान गर्न व्यवस्थापनलाई अख्तियारी सहित निर्देशन दिने । | १,५०,०००/- |
| ५ | २०७६/०७/०४ | २६३ | सिस्नुपानि नेपाल वाट मिति २०७६/०७/०४ मा प्राप्त प्रस्ताव बमोजिम मिति २०७६/०७/१० मा आयोजना हुने "सिस्नुपानी देउसी" कार्यक्रम प्रायोजनको लागि सहयोग मांग भई आएको व्यहोरा व्यवस्थापनबाट जानकारी भयो । यस सम्बन्धमा रु.२,००,०००।- (अक्षरेपी दुई लाख) मा नवढ्ने गरी संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग प्रदान गर्न व्यवस्थापनलाई अख्तियारी सहित निर्देशन दिने । | २,००,०००/- |
| ६ | २०७६/०८/०९ | २६५ | (क) त्रिभुवन विश्वविद्यालय स्कूल अफ म्याथम्याटिकल साइन्सको मिति २०७६/०७/२९ को | १,५०,०००/- |

संचालक समिति

| | | | | |
|---|---|---|---|---|
| | | | पत्र वाट Pricing and Reserving in Life Insurance विषयमा दुई दिने Workshop/Conference गर्न लागेकोमा उक्त कार्यक्रम संचालनको लागि सहयोग मांग भई आएको व्यहोरा व्यवस्थापनबाट जानकारी भयो । यस सम्बन्धमा कम्पनीवाट सहभागी सहित रु.१,००,०००।- (अक्षरेपी एक लाख) मानव संसाधन विकास (तालिम, गोष्ठी) अन्तर्गत सहयोग प्रदान गर्न व्यवस्थापनलाई अख्तियारी सहित निर्देशन दिने ।<br><br>(ख) माउन्टेन टेलिभिजन प्रा.लि.को मिति २०७६/०८/०३ को पत्र वाट समृद्धिका लागि सञ्चार मुल नाराका साथ स्मारिका प्रकाशन गर्न लांगेकोमा उक्त प्रकाशनको लागि सहयोग माग भई आएको व्यहोरा व्यवस्थापनबाट जानकारी भयो । यस सम्बन्धमा रु.५०,०००।- (अक्षरेपी पचास हजार) विज्ञापन प्रकाशन अन्तर्गत आर्थिक सहयोग प्रदान गर्ने । | |
| ७ | २०७६/०९/०७ | २६६ | संचालक समितिको मिति २०७६/०२/२० बैठक नं. २४५ अनुसार हिमालय आधारभुत विद्यालय, रुपन्देही लाई विद्यालय भवन निर्माणको लागि अनुमानित लागत रु. १७,६३,८९१।४२ संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत स्वीकृत भएकोमा प्रस्ताव पेश गर्दा झयाल, ढोका बाहेक इस्टिमेट भएकोले उक्त झयाल ढोकाको लागि रु. १,४३,३९३/- थप सहयोग मांग भई आएको व्यवस्थापनवाट जानकारी भयो । यस सन्दर्भमा थप संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रु. १,४३,३९३/- (अक्षरेपी एक लाख त्रिचालीस हजार तिन सय त्रियान्नब्बे) लागत अनुमानमा नबढ्ने गरी सहयोग उपलब्ध गराउने । | १,४३,३९३/- |
| ८ | २०७६/०९/१० | २६७ | श्री लुम्बिनी विकास मञ्च, लुम्बिनी रुपन्देहीको मिति २०७६/०९/०८ को पत्रवाट अनुरोध भई आए बमोजिम जाडोका लागि कपडा वितरण गर्ने प्रयोजनार्थ रु ४८,०००/- (अढ्चालीस हजार) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग अनुमोदन गर्ने । | ४८,०००/- |
| ९ | २०७६/०९/२२ | २७० | श्री बिकासका लागि साथीहरुको मिति २०७६/०९/११ को पत्रवाट अनुरोध भई आए बमोजिम प्रदेश नं. २ को रौतहत जिल्लाको बृन्दावन र गढीमाई नगरपालिकामा शितलहर प्रभावित गरीब वृद्ध, बृद्धा र बालवालिकाहरुलाई जाडोका लागि कम्वल वितरण गर्ने प्रयोजनार्थ रु १,००,०००/- ( | १,००,०००/- |

संचालक समिति

| | | | | |
|---|---|---|---|---|
| | | | एक लाख) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गर्ने । | |
| १० | २०७६/१०/१४ | २७२ | श्री ताप्लेजुङ सरोकार केन्द्र, काठमाण्डौको मिति २०७६/१०/१० को पत्रवाट ताप्लेजुङ कलाकार कल्याण कोष अन्तर्गत शिक्षावाट वन्चित बालवालिकाका लागि छात्रवृति कोषको प्रयोजनार्थ आर्थिक सहयोग मांग भई आए बमोजिम रु १,००,०००/- (एक लाख) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गर्ने । | १००,०००/- |
| ११ | २०७६/१२/१९ | २८० | विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयवाट "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" गठन गरि सहयोग गर्न अनुरोध गरिए अनुसार कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त कोषमा रु १,०१,११,१११/- (एक करोड एक लाख एघार हजार एक सय एघार) सहयोग गर्ने । | १,०१,११,१११/- |
| | | | जम्मा | १,१३,०२,५०४/- |

४. कम्पनीको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नेपाल सरकार वा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो वमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गऱ्यो ।

**ग. विविध :**

यस अन्तर्गत छलफलको कुनै बिषय नभएकोले कुनै छलफल भएन ।

## १३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

कम्पनीका अध्यक्षले छैटौं वार्षिक साधारण सभामा आदरणीय शेयरधनी महानुभावहरूवाट अमूल्य सुझावहरू प्राप्त भएको र सम्पूर्ण प्रस्तावहरुमा सम्पूर्ण सहभागीहरूको समर्थन भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै दिउसो १:५० बजे कम्पनीको छैटौं वार्षिक साधारण सभा विसर्जन भएको जानकारी गराउनु भयो ।

| | |
|---|---|
| ................................ | ................................ |
| (विष्णु प्रसाद उपाध्याय) | (डा. रविन्द्र घिमिरे) |
| **कम्पनी सचिव** | **अध्यक्ष** |